नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## वोलपत्र सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मितिः-२०७१ । ०८ । २२)**

यस अस्पतालमा २०७१ माघ १ गते देखि २०७२ पौष मसान्त सम्म भर्ना हुने विरामीहरुलाई १ (एक) वर्षको लागी राशन खुवाउन र सोही अवधिको लागि कपडा धुलाई कार्यको लागि बोलपत्रको माध्यमबाट खरीद कार्य गर्नुपर्ने भएकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वक वोलपत्र यस अस्पतालको Web site *http://www.bharatpurhospital.gov.np* OR *http://eproc.bharatpurhospital.gov.np/* **download** गरी खरीद गर्न सकिनेछ ।

**शर्तहरुः**

१. आ.व. २०७०/०७१ का लागि नविकरण भएको इजाजत पत्र दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि निवेदन दिई यस अस्पतालको Website *http://www.bharatpurhospital.gov.np*को **eProcurement System** मा गई TOR download गर्न सकिनेछ । TOR खरीद गर्न सूचना प्रकाशित भएको मितिले ३० औ दिनभित्र रितपूर्वक रु.१५१०।- (पन्ध्रसय दश रुपैया मात्र) (फिर्ता नहुने गरी) यस अस्पतालको रा.बा.बैंक भरतपुरमा रहेको चल्ती खाता नं.९६७ मा जम्मा गरी खरीद गर्न सकिनेछ ।

२. बोलपत्र दर्ता गर्दा जमानत वापत लागत अनुमान रकमको ३% ले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुर शाखामा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछि ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा एक वर्ष म्याद भएको बैक परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

३. खरीद भएको बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website:*http://www.bharatpurhospital.gov.np* को **eProcurement System** मा गई बैंक भौचर (TOR खरीद गर्न) , विडवन्ड , BOQ, Company Registration, VAT / PAN, Latest TAX Clearance Certificate समेतका कागजात Scan गरी Upload गरीसक्नुपर्नेछ । Upload भएका बोलपत्रहरु ३१ (एकतीसौ) दिनको २:०० वजे यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट उक्त कार्य हुनेछ ।

४. बोलपत्रदाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५. बोलपत्र दाताले कवोल गरेको दरभाउमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको

Medical Superintendent

मुल्य भन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुल उपर गरिनेछ ।

६. कार्यालयले तयार गरेको लागत अनुमान थपघट हुन सक्नेछ । लागत अनुमान थपघट भएतापनि बोलपत्रदाताले सोही दररेटमा राशन सप्लाई वा कपडा धुलाई गर्नुपर्नेछ ।

७.राशनको नमुना बोलपत्र खोल्दा पेश गर्नु पर्नेछ ।

८.सप्लाई गरिने राशन गुणस्तरयुक्त हुनुपर्नेछ ।

९.वोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस अस्पतालमा निहित रहनेछ ।

१०.राशन कार्यालय सम्म ढुवानी गर्न लाग्ने शुल्क ढुवानीकर्ताले नै व्यहोर्नुपर्नेछ ।

११.ठेक्का अवधिभर मुल्य वृद्धि दिईने छैन ।

१२.मूल्य अभिवृद्धि नलाग्ने सामानहरुमा मूल्य अभिवृद्धि कर दिईने छैन ।

१३.कपडा धुलाईको सम्बन्धमा हातले धुने कपडा र मेशिनले धुने कपडाको दररेट एउटै भएमा मेशिनले धुने दररेटलाई स्वीकृत गरिनेछ ।

१४.संझौता अबधिभर कपडा धुन छोडेमा, धुन लगेको कपडा समयमा धोएर नल्याएमा वा कपडा धुलाईमा लापरवाही गरेमा धरौटी जफत गरि संझौता भंग गरिनेछ । कपडा धुलाई कार्यको लागि पानीको व्यवस्था बोलपत्र दाता आफैले गर्नुपर्नेछ ।

१५.नियमानुसार ठेक्का सम्झौता भए पछि मात्र अन्य वोलपत्र दाताहरुको जमानत फिर्ता दिईनेछ ।

१६.यसमा नपरेका अन्य कुराहरु खरिद सार्वजनिक ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ ।

## *तपशिल*

| सि.नं. | ७.नं. | विवरण | बोलपत्र वा दरभाउ पत्र | बोलपत्र वा दरभाउपत्र दस्तुर | खरीद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 8/071/72 | *राशन खरीद सम्बन्धी कार्य* | *बोलपत्र* | 1510.00 | 30 *औ दिन* | 31 *औ दिनको* 12:00 *वजे* | 31 *औ दिनको* 14:00 *वजे* | |
| 2 | 9/071/72 | *कपडा धुलाई सम्बन्धी कार्य* | *बोलपत्र* | 1510.00 | 30 *औ दिन* | 31 *औ दिनको* 12:00 *वजे* | 31 *औ दिनको* 14:00 *वजे* | |

Medical Superintendent